# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/०८२
च.नं.: १६२१

मिति : २०८१।१०।१४
ने.स.११४५ पोहेलागा सोमवार

**विषय : उत्कृष्ठ विद्यार्थी सम्मान तथा पुरस्कारको लागि निवेदन पेस गर्ने सम्वन्धमा ।**

श्री सामुदायिक विद्यालय र विद्यार्थीहरु,
धुनिवेशी नगरपालिका, धादिङ ।

प्रस्तुत विषयमा धुनिवेशी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले आ.व.२०८०/०८१ मा संचालित परीक्षाहरुमध्ये आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (BLE) कक्षा ८, माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SLC) कक्षा १२ मा उत्कृष्ठ नतिजा ल्याउने विद्यार्थीलाई **धुनिवेशी नगरपालिका सामुदायिक विद्यालय शिक्षा पुरस्कार तथा सम्मान निर्देशिका, २०८१** बमोजिम पुरस्कृत तथा सम्मान गर्ने कार्यक्रम भएकोले मिति २०८१/०९/१८ गते प्रथम पटक सूचना प्रकाशित गरेकोमा केही विद्यालयबाट मात्र आवेदन पर्न आएकाले पुनः यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा योग्य विद्यार्थीहरुले सम्वन्धित विद्यालयमा तपसिल वमोजिम आवश्यक कागजात सहित निवेदन पेस गर्नुहुन र विद्यालयहरुले निवेदन संकलन मिति समाप्त भएको ३ दिन भित्र पुरस्कार तथा सम्मानका लागि सिफारिससहित सबै कागजातहरु शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुहुन अनुरोध छ ।

तपसिल

१-पुरस्कार र सम्मान पाउने विद्यार्थी धुनिवेशी नगरपालिकाको सामुदायिक विद्यालयबाट परीक्षामा सम्मिलित भएको हुनुपर्नेछ ।
२-माथि उल्लिखित परीक्षाहरुमा उत्कृष्ठ सबैभन्दा बढी जिपिए प्राप्त गर्ने छात्र र छात्राबाट १/१ जनालाई पुरस्कृत र सम्मान गरिनेछ ।
३-पुरस्कृत तथा सम्मानित हुने विद्यार्थीले परीक्षामा कम्तिमा ३ जिपिए ल्याएको हुनुपर्नेछ ।
४-विद्यार्थीले विद्यालयमा निर्देशिकाको अनुसूची- १ बमोजिम ढाँचामा निवेदन दिनुपर्नेछ ।
५-निर्देशिका धुनिवेशी नगरपालिकाको वेवसाईटमा राखिएको छ ।

कर्ण बहादुर भुवाजी
शिक्षा निर्देशक